# राजापुर नगरपालिका, बर्दिया

## लेखा समितिको कार्य संचालन नियमावली, २०७९

राजापुर नगरपालिका

बर्दिया जिल्ला, लुम्बिनी प्रदेश

प्रमाणीकरण मिति :

# लेखा समितिको कार्य संचालन नियमावली, २०७९

## पृष्ठभूमी

राजापुर नगरपालिकाको शासन व्यवस्थालाई थप जनमुखि, सेवामुखि, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभूति दिलाउने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ५ दफा २२ मा नगर सभाले नियमावली वनाई आफ्नो कार्यप्रणालीलाई ब्यबस्थित गर्न कुनै सदस्यको संयोजकत्वमा लेखा समिति गठन गर्न सक्ने प्रावधान रहे वमोजिम यस नगरपालिकाको नवौं नगर सभाको मिति २०७९/०३/२९ को वैठकको निर्णय वमोजिम लेखा समितिको कार्य संचालन नियमावली वनाउने जिम्मेवारी नगरकार्यपालिकालाई प्रदान भए वमोजिम मिति २०७९।०५।१० नगरकार्यपालिकाको वैठकवाट स्वीकृत गरि यो नियमावली लागु गरिएको छ।

**भाग -१**

**प्रारम्भिक**

## १. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो नियमावलीको नाम लेखा समितिको कार्य संचालन नियमावली, २०७९ रहने छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

## २. परिभाषा:

(१) "नगरपालिका" भन्नाले राजापुर नगरपालिका सम्झनु पर्छ।

(२) "नियमावली " भन्नाले लेखा समितिको कार्य संचालन नियमावली, २०७९ लाई सम्झनु पर्दछ।

(३) "कार्यालय" भन्नाले राजापुर नगर कार्यपालिकाको कार्यालय र १० वडा कार्यालयहरु समेत सम्झनुपर्दछ।

(४) "समिति" भन्नाले राजापुर नगर सभाबाट गठित लेखा समितिलाई जनाउछ।

(५) "प्रमुख" भन्नाले राजापुर नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(६) "उपप्रमुख" भन्नाले राजापुर नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राजापुर नगर कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्छ ।

(८) "कार्यपालिका" भन्नाले राजापुर नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(९) "नगर सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको राजापुर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(१०) "पदाधिकारी" भन्नाले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ।

(११) "योजना" भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ।

(१२) "वडा" भन्नाले राजापुर नगरपालिकाका १० वडा सम्झनु पर्छ।

(१३) "वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा ४ बमोजिमको वडा समिति सम्झनु पर्छ।

(१४) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(१५) नगरपालिकाको शाखा, उपशाखा, र ईकाइ भन्नाले नगरपालिकाको प्रशासनिक संगठनात्मक स्वरुप अनूरूप स्थापना गरिएका शाखाहरु, उपशाखाहरु र इकाइहरुलाई सम्झनु पर्दछ।

(१६) "राजश्व" भन्नाले नगरपालिकाले कानून बमोजिम संकलन गर्न पाउने कर, दस्तूर, शुल्क, महसूल र सो वापतको जरिवानालाई जनाउँछ सो शब्दले जनसहभागिता बापतको रकम सरकारी तथा अन्य निकायको ऋण तथा अनुदान बापत प्राप्त रकम समेतलाई जनाउँछ।

(१७) "बार्षिक बजेट" भन्नाले नगरपालिकाको निसर्त, शसर्त, वित्तिय सामानिकरण अनुदान र आन्तरिक आयलाई समेत सम्झनु पर्दछ

(१८) "बार्षिक बजेट तथा कार्यक्रम" भन्नाले कार्यक्रमका शिर्षकहरु तथा अनुमानित बजेट सहितको विवरणलाई सम्झनु पर्दछ।

(१९) "बेरुजु" भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न नभएर फरक पर्न गएको अबस्थालाई सम्झनु पर्दछ।

(२०) "आर्थिक अनियमितता" भन्नाले आर्थिक नियमानुसार काम सम्पन्न नभएको अबस्थालाई जनाउछ।

(२१) " लेखापरीक्षण " भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न भए नभएको तथा नियम संगत छ छैन भनेर गरिने परीक्षण सम्झनु पर्दछ।

## भाग-२

## लेखा समिति गठन

### ३. लेखा समिति गठन:

१) नगरपालिकाको शासन व्यवस्थालाई थप जनमुखि, सेवामुखि, जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तिय सुशासन कायम गराउने प्रमुख उद्देश्यका साथ नगर सभावाट देहाय वमोजिमको लेखा समिति गठन गरिनेछ।

(क) नगर सभा सदस्यका रुपमा रहेका कार्यपालिका सदस्यहरु मध्ये १ जना संयोजक

(ख) नगर सभाको सदस्य मध्येबाट दुई जना सदस्य

(२) नगरपालिकाको आन्तकि लेखापरिक्षण शाखा प्रमुखले लेखा समितिको सचिवका रुपमा काम गर्ने छन्। निजको अनुपस्थितिमा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृतले सचिवको रुपमा कार्य गर्नेछ।

(३) समितिको वैठकमा समितिका संयोजकले नगर कार्यपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र नगरपालिकाका शाखा प्रमुखलाई आमन्त्रीत गर्न सक्नेछ।

(४) समितिको पदावधि गठन भएका मितिले ५ (पाँच) वर्ष हुनेछ तर नगर सभाले परिवर्तन गर्न आवश्यक ठानेमा परिवर्तन गर्न पाउनेछ।

## भाग-३

## लेखा समितिको काम,कर्तब्य र अधिकार

**४. लेखा समितिको काम, कर्तब्य र अधिकार:**

(१) नियम ३ वमोजिक गठन हुने लेखा समितिले देहायका विषयमा अध्ययन गरि कार्यपालिकालाई राय सुझाव र नगर सभा समक्ष प्रतिवेदन पेश गर्नेछ।

**क) कार्यपालिकालाई राय सुझव दिने विषयहरु**

१) वार्षिक वजेटले अनुमान गरे वमोजिम को श्रोत परिचालन तथा रकम संकलन लक्ष्य वमोजिम चौमासिक प्रगती भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तीका विषयमा आवश्यक सल्लाह सुझाव।

२) वार्षिक वजेटमा उल्लेखित कार्यक्रम चौमासिक लक्ष्य वमोजिम संचालन भए नभएको र लक्ष्य पूरा गर्न तत्काल लिनु पर्ने रणनीतिका सम्वन्धमा।

३) कार्यपालिकावाट नगरपालिकाको राजस्व तथा श्रोत परिचालन सम्बन्धमा भए गरेको निर्णयको कार्यान्वयन अवस्थाको विश्श्लेषण गर्दै सो सम्वन्धमा कुनै सुझाव दिनु पर्ने भएमा सो सम्वन्धमा सुझाव।

४) कार्यपालिका कार्यालयमा भए गरेका कार्यमा वित्तिय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान।

५) पेश्की, वेरुजूको अवस्था विश्लेषण गर्दा सो को फर्छ्यौटका लागि आवश्यक रणनीतिक सुझाव प्रदान।

६) नगर कार्यपालिका कार्यालयवाट भए गरेका आम्दानी र खर्चका विभिन्न विषय मध्ये समितिले आर्थिक अनियमित्ता भएको गुनासो आएको वा आवश्यक ठानेका वा नगरकार्यपालिकावाट अनुरोध भएका विषयमा भए गरेका गतिविधिको नमुना लेखा परिक्षण गरि कार्यपालिकालाई सुझाव प्रदान गर्ने।

७) नगरपालिकाको आन्तरिक लेखा परिक्षकको चौमासिक प्रतिवेदन माथि समिक्षा।

८) नगरपालिकाका विभिन्न वडा कार्यालय र शाखावाट भए गरेका गतिविधिको अध्ययन गर्दे सो सम्वन्धमा वित्तिय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान।

९) वित्तिय सुशासनका विषयमा कार्यापालिकाले सुझाव मागेका विषयमा आवश्यक परामर्श।

**ख) नगर सभा समक्ष प्रतिवेदन पेश गर्ने विषयहरु**

१) नगर सभावाट स्वीकृत वार्षिक बजेटले अनुमान गरे बमोजिमको काम भएको वा नभएको बारेमा लिखित प्रतिवेदन र सुझाबहरु समेत सभामा पेश गर्नु पर्ने छ।

२) नगर सभावाट स्वीकृत अनुमानित स्रोत परिचालन तथा रकम सङ्कलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने।

(ग) नगरपालिकाले तयार गरेको बार्षिक बजेटमा उल्लिखित कार्यक्रम सञ्चालन भए वा नभएको प्रतिवेदन तयार गर्ने,

(घ) लेखापरीक्षणबाट औल्याइएका बेरुजु तथा आर्थिक अनियमितताका सम्बन्धमा त्यस्तो बेरुजु र आर्थिक अनियमिततालाई नियमित एवं असुल फछ्र्यौट गर्न आवश्यक काम कारबाही गरे वा नगरेको विषयमा स्पष्टता ल्याउने।

(ङ) वडा कार्यालयबाट संचालित कार्यक्रमहरुको बारेमा वडा अनुसार स्रोत परिचालन तथा रकम सङ्कलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने र कुन वडा के कारणले को भन्दा पछाडि परेको भन्ने समेत प्रतिवेदन तयार गर्ने।

(च) समितिले कार्यपालिकालाई दिएका सुझावहरु र सोको कार्यान्वयन अवस्थाका वारेमा ।

(३) उपनियम (१) बमोजिमको प्रतिवेदन तयार गर्दा लेखा समितिले आवश्यकता अनुसार नगरपालिका भित्रका उद्यमी, ब्यापारी तथा स्थानीय बुद्धिजीवीलाई आबस्यकताको आधारमा छलफलमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम प्रतिवेदन तयार गर्ने क्रममा लेखा समितिले माग गरे बमोजिमको कागजात नगरपालिकामा रहेका सबै शाखा र उपशाखाहरुले उपलब्ध गराउनु पर्नेछ र आमन्त्रण भएको अबस्थामा लेखा समितिमा उपस्थित भई आफ्नो राय सल्लाह र सुझाव लिखित र मौखिक रुपमा दिनु सम्बन्धित सबैको कर्तब्य हुनेछ ।

## ५. लेखा समितिको बैठक सम्बन्धी ब्यबस्था र सविधाः

(१) समितिको वैठक कम्तीमा दुई महिनामा एक पटक वस्नेछ । आवश्यक्ता अनुसार जुनसुकै समयमा बस्न सक्नेछ ।

(२) लेखा समितिको बैठकमा भाग लिए बापत लेखा समितिका सदस्य र आमन्त्रीत पदाधिकारीले कार्यपालिकाका सदस्यले पाए सरह बैठक भत्ता पाउनेछन् ।

(३) लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई नगर सभाबाट स्वीकृत गराई कार्यान्वयन गराउनु पर्नेछ ।

## भाग-४

## लेखा समितिका आचार संहिता हरु

६. लेखा समितिका संयोजक र सदस्यहरुले गर्न हुने र नहुने सामान्य आचार संहिताहरु निम्नानुसार रहनेछ।

(१) स्थानीय सरकार संचालन ऐनको मान्यता सिद्धान्त विपरित सार्वजनिक वक्तव्य दिन नहुने ।

(२) स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय तहको स्वायत्ततालाई अनादर गर्ने कुनै काम गर्न नहुने,

(३) नगरवासी प्रतिको उत्तरदायित्वलाई अस्विकार गर्न नहुने,

(४) नगरपालिका र साझेदार संघ संस्थासंगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन । तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित बिषयमा अनुसन्धानमुलक कुनै लेख रचना प्रकाशित गर्न रोक लगाएको मानिने छैन ।

(५) नगरपालिकाका साधन श्रोतको दुरुपयोग गर्न नहुने

(६) प्रचलित ऐन, नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्ने,

(७) राजनीतिक आस्था एवं सामाजिक भेदभावले बढावा पाउने व्यवहार गर्न नहुने,

(८) कार्यजिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने

(९) कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न नहुने,

(१०) विद्यमान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने तथा लैङ्गिक समानतामा आँच आउने व्यवहार गर्न नहुने

## भाग ५
## विविध

**७. प्रचलित कानून वमोजिम हुने:** यस नियमावलीमा उल्लेख भएका प्राव्धानहरु यसै नियमावली वमोजिम हुने र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

**८. वाधा अड्काउ फुकाउ:** यस नियमावली कार्यान्वियनमा कुनै वाधा अड्चन आएमा नगर सभाको निर्णय वमोजिम हुनेछ ।

**९. संशोधन तथा खारेजी:** यो नियमावलीको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा नगर सभालाई पूर्ण अधिकार हुनेछ ।